# पुतलीबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## "एक वडा एक नर्सरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२"

१२८औं कार्यपालिकाको बैठकबाट स्वीकृतः २०८२/११/२६

**प्रस्तावनाः**

"एक वडा– एक नर्सरी" स्थापना गरी मौसमी तथा बेमौसमी तरकारीका विरुवा उत्पादन गर्ने, कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने तथा आयआर्जन र रोजगारी सृजनामार्फत स्थानीय जनताको जीविकोपार्जनमा सहयोग पुऱ्याउने तथा कृषि व्यवसायलाई व्यवसायीकरण गर्ने उद्देश्यले नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एक वडा एक नर्सरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "नर्सरी" भन्नाले मौसमी तथा वेमौसमी तरकारी बेर्ना उत्पादन गर्ने नर्सरीलाई सम्झनु पर्छ। र सो शब्दले नर्सरीबाट उत्पादित उपज व्यवसाय प्रवर्द्धनको लागि बिक्री वितरण गर्ने कार्य समेतलाई जनाउँछ।

(२) "उपभोक्ता" भन्नाले नर्सरीबाट प्रत्यक्ष लाभान्वित हुने घरधुरी वा समुदाय समेतलाई सम्झनुपर्छ।

(३) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिका सम्झनुपर्छ।

(४) "वडा कार्यालय" भन्नाले पुतलीबजार नगरपालिका भित्रका वडा कार्यालयहरु सम्झनुपर्छ।

(५) "फार्म, कम्पनी, संस्था" भन्नाले प्रचलित कानुन अनुसार नगरपालिका वा कुनै पनि सरकारी कार्यालयमा दर्ता भई संचालनमा रहेका फार्म, कम्पनी वा संस्था सम्झनुपर्छ।

## परिच्छेद– २

## नर्सरी स्थापनाको उद्देश्य

**३. उद्देश्यः**

(१) नगर क्षेत्रभित्र गुणस्तरीय मौसमी तथा वेमौसमी तरकारीका बीउ तथा बेर्ना उत्पादन गर्ने।

(२) स्थानीय तहमा रोजगारीका अवसर विस्तार गर्दै आयआर्जन वृद्धि गर्ने।

तुलसी राम रेग्मी
नगर प्रमुख

(३) मौसमी तथा बेमौसमी तरकारीका विरुवा उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउने।

(४) कृषकहरूलाई सहुलियत मूल्यमा गुणस्तरीय विरुवा उपलब्ध गराउने।

(५) नगरपालिका भित्रका कृषकहरुलाई निर्वाहमूखी खेती प्रणालीबाट व्यवसायीक खेतीतर्फ लैजाने ।

## परिच्छेद– ३

## नर्सरी स्थापना तथा कार्यक्रम सञ्चालन प्रक्रिया

**४. एक वडा एक नर्सरी स्थापना तथा संचालन प्रकृयाः**

१.एक वडा एक नर्सरी स्थापना संचालन गर्ने जिम्मेवारी सम्बन्धित कृषक/कृषक समूह /निजी फर्म दर्ता भएका फलफूल तथा तरकारी नर्सरीको रहने छ।

२.एक वडा एक नर्सरी संचालनको लागि नगरपालिकाले नगद, जिन्सी तथा प्राविधिक सहयोग उपलब्ध गराउने छ।

३.एउटा वडामा एउटा मात्र नर्सरी स्थापनाको लागि आवेदन स्वीकृत गरिने छ।

**५. सूचना प्रकाशनः**

१. नगरपालिकाले एक वडा एक नर्सरी स्थापनाको लागि ७ दिने सूचना प्रकाशन गर्न सक्ने छ।

२. उपदफा (१) बमोजिम प्रस्ताव आह्वानको सूचना प्रकाशन भएपछि इच्छुक फर्म, व्यवसायी, कृषक/ कृषक समूह तथा अन्य नर्सरीले सूचनामा तोकिएको समय भित्र अनुसूची– २ अनुसारको निवेदन, अनुसूची– ३ अनुसारको संक्षिप्त व्यवसायिक कार्ययोजना तथा अनुसूची-४ र ५ बमोजिमको प्रतिवद्धता पत्र वडा कार्यालय मार्फत नगरपालिकामा पेश गर्नुपर्ने छ।

३. नर्सरी संचालकले प्रस्ताव पेश गर्दा कम्तीमा दुई रोपनी क्षेत्रफल भएको जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि तथा जग्गा भाडामा भए पाँच वर्ष सम्मको भाडा सम्झौता, वडाको सिफारिस समेत पेश गर्नुपर्ने छ।

**६. प्रस्ताव छनौट र सम्झौताः**

१. कार्यविधि अनुसार दर्ता भएका प्रस्तावहरु दफा ८ बमोजिमको कार्यक्रम मूल्यांकन समिति मार्फत मूल्यांकन गरिने छ ।

२. मूल्यांकन समितिले आवश्यकता अनुसार अनुसूची ६ मा तोकिएको मुल्यांकन शिर्षक अनुसार थप मुल्यांकन उपशिर्षक निर्धारण गर्न सक्नेछ ।

३. अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिएमा, प्राविधिकबाट अनुपयूक्त देखिएमा प्रस्ताव अस्वीकृत हुने छ ।

४. उपयुक्त प्रस्ताव छनौट गरी समितिले स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने छ ।

### ७. संचालन हुने मुख्य मुख्य क्रियाकलापः

एक वडा एक नर्सरी स्थापना तथा संचालन गर्ने कार्यक्रम अन्तर्गत संचालन हुने मुख्य मुख्य क्रियाकलापहरु देहाय बमोजिम छन्:

१. मौसमी तथा वेमौसमी तरकारीका बीउ खरिद गरी विरुवा वा वेर्ना उत्पादन गर्ने,

२. सिंचाई पूर्वाधार निर्माण,

३. मलखाद व्यवस्थापन, भर्मीबेड निर्माण,

४. कृषि औजार उपकरण खरिद तथा वितरण,

५. कृषि खेती प्रविधि तालिम संचालन,

६. पक्की ग्रिनहाउस तथा पोली टनेल निर्माण, नर्सरी बेन्च तयारी आदि,

७. अनुगमन निरीक्षण,

८. नर्सरी पुर्वाधार निर्माण तथा व्यवस्थापनका अन्य कार्यहरु।

### ८. कार्यक्रम मुल्यांकन समितिः

एक वडा एक नर्सरी स्थापना तथा संचालन कार्यक्रममा सहजीकरणको लागि नगरपालिकामा देहायको बमोजिमको एक कार्यक्रम मूल्यांकन समिति रहने छ।

| | |
|---|---|
| नगरपालिकाका प्रमुख | अध्यक्ष |
| नगरपालिकाका उप-प्रमुख | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य-सचिव |

नगर प्रमुख

९. मुल्यांकन समितिको काम, कर्तव्य र अधिकारः

(१) कार्यक्रम मुल्यांकन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हने छ :

(क) माग संकलनको लागि सूचना प्रकाशन गर्ने,

(ख) कार्यक्रम कार्यन्वयनको लागि प्राविधिक लागत अनुमान तयार गर्ने,

(ग) प्राप्त निवेदनहरुको छनौटको आधारमा मुल्यांकन गरी अनुदान ग्राही छनौट गर्ने,

(घ) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराइने अनुदान रकम तथा जिन्सीको एकिन गरी सम्झौताको लागि सिफारिस गर्ने,

(ङ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएको कार्यको अनुगमन गर्ने,

(च) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्य सम्पन्न हुन नसक्ने देखिएमा अनुदान सम्झौता रद्ध गर्न सिफारिस गर्ने,

(छ) समितिको सचिवालयको काम नगरपालिकाको कृषि विकास शाखाले गर्ने छ ।

**१०. मापदण्ड तथा कार्यक्रम संचालन प्रकृया वनाइनेः** नर्सरी स्थापना तथा संचालन कार्यक्रम संचालन प्रकृया सम्बन्धी व्यवस्था अनुसूची ८ बमोजिम हुने छ ।

**११. नर्सरीको डिजाइन, लेआउट तथा लागत इस्टिमेट तयार गर्नुपर्नेः** नगरपालिकाले नर्सरीको लागि आवश्यक पर्ने डिजाइन, स्पेसिफिकेसन, लेआउट तथा लागत इस्टिमेट उपलब्ध गराउनु पर्नेछ ।

**१२. नवीकरण गर्नुपर्नेः** नर्सरी सञ्चालकले हरेक वर्ष तोकिएको शुल्क तिरी नवीकरण गर्नुपर्ने छ ।

**१३. उपलब्ध हुने सेवा सुविधाहरूः**

| क. स. | विवरण | सुविधा |
|---|---|---|
| १. | कृषि उत्पादन सामाग्रीहरू (बीउ, ट्रे, पोली पट, मल लगायत अन्य सामाग्री) | बढीमा ५० प्रतिशत |
| २. | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३. | संरक्षित संरचना निर्माण (टनेल) | १०० प्रतिशत |
| ४. | साना सिँचाइ पूर्वाधार निर्माण | बढीमा ५० प्रतिशत |

तुलसी राम रेग्मी
नगर प्रमुख

बिरुवा विक्री वितरण सम्बन्धी

१. यस पालिकाको सहयोगमा निर्माण भएका नर्सरीले हरेक वर्ष अनुदानमा बेर्ना वितरण गर्नु पर्नेछ।

२. उत्पादन गरिएका बिरुवा कृषक तथा कृषक समूहहरूलाई पालिकाले निर्धारण गरेको मूल्यमा बढीमा ५०% सम्म अनुदानमा वितरण गरिनेछ ।

३. विक्री वितरण गर्नका लागि तोकिएको मूल्य सूचि नर्सरीमा टाँसिएको हुन पर्नेछ ।

**१४. अनुगमन सम्बन्धी व्यवस्थाः** नर्सरीमा भए गरेका कामहरुको नगरपालिका तथा वडा कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

**१५. नर्सरी संचालकले पालना गर्नुपर्ने दायित्वः** नर्सरी संचालकले नगरपालिकासँग भएको सम्झौता बमोजिमको दायित्व अनिवार्य रुपमा पूरा गर्नुपर्ने छ ।

**१६. कारवाही हुनेः** सम्झौता बमोजिम तोकिएको कार्य नगर्ने नर्सरी संचालकलाई उपलब्ध गराइने अनुदान रोक्का गर्नुको साथै प्रचलित कानुन बमोजिम कारवाही गरिने छ । साथै अनुदान प्राप्त गरेको रकम हिनामिना गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

**१७. प्रगति प्रतिवेदन बुझाउनु पर्नेः** अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन, विरुवा किसानलाई वितरण गरेको विवरण मासिक रुपमा वडा कार्यालय तथा नगरपालिकाको कृषि विकास शाखामा पेश गर्नुपर्ने छ ।

**१८. प्राविधिक सहयोग लिन सकिनेः** नर्सरी संचालकले नगरपालिकाका कृषि प्राविधिकबाट प्राविधिक सहयोग लिन सक्ने छन्।

**१९. संशोधन वा खारेजीः** नगरपालिकाले आवश्यकता अनुसार यो कार्यविधिलाई संशोधन वा खारेजी गर्न सक्ने छ ।

नगर प्रमुख

अनुसूची– १

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

एक वडा एक नर्सरी स्थापना, संचालन तथा व्यवस्थान कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष ......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एक वडा एक नर्सरी स्थापना कार्यक्रम अन्तर्गत तोकिएको वडामा इच्छुक कृषक/कृषक समूह/निजी फर्म/फलफूल तथा तरकारी नर्सरीहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यविधि बमोजिमका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नुहुन अनुरोध छ ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. अनुसूची २ बमोजिमको निवेदन,
२. नेपाली नागरीकताको प्रमाणपत्र प्रतिलिपि,
३. अनुसूची ३ बमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. फार्म, कम्पनी, संस्था तथा सहकारीको दर्ता प्रमाणपत्र प्रतिलिपि,
६. कम्तीमा दुई रोपनी क्षेत्रफल भएको जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि तथा कम्तीमा पाँच वर्ष सम्मको भाडा सम्झौता,
७. तालिम तथा अनुभव सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि (उपलब्ध भएमा),
८. अनुसूची ५ बमोजिमको प्रतिवद्धता पत्र ।

नोटः थप जानकारी सम्बन्धित वडा कार्यालय मार्फत प्राप्त गर्न सकिने छ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

अनुसूची– २

(दफा (५) को उपदफा (२) संग सम्बन्धित)

<u>आवेदन फाराम तथा संलग्न गर्नुपर्ने कागजातहरु</u>

मिति: ...........................

श्री पुतलीबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
स्याङ्जा, गण्डकी प्रदेश, नेपाल ।

विषय: एक वडा एक नर्सरी कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा ताहाँ कार्यालयबाट मिति .................. मा प्रकाशित सूचना अनुसार एक वडा एक नर्सरी कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरी नर्सरी स्थापना, विरुवा वितरणको लागि देहायका कागजातहरु यसै निवेदन साथ संलग्न राखी अनुरोध गर्दछु ।

१. अनुसूची– २, बमोजिमको निवेदन,
२. नेपाली नागरीकताको प्रमाणपत्र प्रतिलिपि,
३. अनुसूची– ३, बमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. फार्म, कम्पनी, संस्था तथा सहकारीको दर्ता प्रमाणपत्र प्रतिलिपि,
६. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि तथा कम्तिमा पाँच वर्षको भाडा सम्झौता पत्र,
७. अनुभव सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि (भएमा),
८. अनुसूची ५ बमोजिमको प्रतिवद्धता पत्र ।

नर्सरी संचालकको तर्फबाट
नाम:
ठेगाना:
सम्पर्क नं.:
दस्तखत:
मिति:

अनुसूची– ३

(दफा (५) को उपदफा (२) संग सम्बन्धित)

**संक्षिप्त व्यवसायिक कार्ययोजना**

मितिः .........................

क. नर्सरीको परिचयः

१. व्यवसायिक कृषक/कृषक समूह/फार्म/कम्पनी/संस्था/समूह/सहकारीको नामः

२. ठेगानाः

३. नर्सरी स्थापनाको लक्ष्य र उद्देश्यः

४. लाभान्वित जनसंख्या (कृषक संख्या):

५. नर्सरी स्थापना हुने जग्गाको क्षेत्रफलः

६. जग्गाको स्वामित्व प्रकृतिः सार्वजनिक/निजी/सामुदायिक

ख. नर्सरीबाट उत्पादन हुने मुख्य/मुख्य विउ, विरुवा तथा वेर्नाको किसिमः

ग. नर्सरी संचालनमा संलग्न रहने जनशक्ति संख्याः

घ. अनुमानित लागतः

ङ. नर्सरी स्थापना सम्बन्धी अनुभवः

च. सिंचाईको अवश्थाः

छ. नर्सरी स्थापना गर्ने स्थानको माटोको प्रकारः

झ. नर्सरीबाट वार्षिक रुपमा उत्पादन हुने बीउ, विरुवा तथा वेर्नाको अनुमानित परिमाण/संख्याः

ञ. अपेक्षित उपलब्धिः

ट. नर्सरीबाट कृषि क्षेत्रमा पार्न सक्ने सकारात्मक प्रभावहरुः

ठ. नर्सरी संचालन सम्बन्धी अन्य व्यवस्थाः

नर्सरी संचालकको तर्फबाट

नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

तुलसी राम रेग्मी
नगर प्रमुख

# अनुसूची– ४

## (दफा ५ को उपदफा (३) संग सम्बन्धित)

## नर्सरी संचालकको प्रतिबद्धतापत्र

पुतलीबजार नगरपालिका एक वडा एक नर्सरी संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत मौसमी तथा बेमौसमी तरकारी विउ वेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गरेको छु/छौं कार्यलयले तयार गरेको नर्सरी संचलान तथा व्यवस्थापन कार्यविधिमा भए बमोजिमको प्रावधानहरु पालनागर्दै नर्सरी स्थापना तथा सञ्चालन गर्ने प्रतिबद्धता गर्दछु/गर्दछौं । नर्सरी तयार भएपछि कम्तीमा ५ (पाँच) वर्ष सम्म नगरपालिकाको समन्वयमा संचालन गर्न छु/छौं । सम्झौतामा उल्लेख भए अनुसारको कार्य नगरेमा, ५ (पाँच) वर्ष अगावै सो कार्य बन्द गरेमा, संचालित क्रियाकलापबाट वातावरणमा प्रतिकुल असर पार्ने कार्य गरेमा, सम्झौताका शर्त बमोजिम कार्य नगरेमा प्रचलित कानून बमोजिम कारवाही भोग्न तयार छु/छौं भनी प्रतिबद्धता गर्दछु/गर्दछौ ।

इति संवत् ...........साल .......... महिना .............. गते ...........रोज, शुभम् ।

नर्सरी संचालकको तर्फबाट नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

## अनुसूची– ५

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

**वडा कार्यालयको प्रतिबद्धता पत्र**

पुतलीबजार नगरपालिका कार्यालय एक वडा एक नर्सरी संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत यस वडा नं. ............ मा स्थापना भएको नर्सरी संचालन तथा व्यवस्थापनको सम्बन्धमा सम्झौतामा उल्लेख भए अनुसारको कार्य गरे नगरेमा नियमित अनुगमन गरी नगरपालिका कार्यालयलाई जानकारी गराउने छौं भनी प्रतिबद्धता जनाउदछौं ।

इति संवत ..........साल .......... महिना ............. गते ..........रोज शुभम् ।

वडा कार्यालयको तर्फबाटः

नामः

पदः

सम्पर्क नं.

दस्तखतः

मितिः

तुलसी राम रेग्मी
नगर प्रमुख

## अनुसूची– ६

(दफा ६ संग सम्बन्धित)

**नर्सरी संचालनको लागि प्रस्तावको मुल्यांकन मापदण्ड**

कृषक/कृषक समूह/फार्म/कम्पनी/संस्था/समुह/सहकारी सूचना प्रकाशन हुनु पूर्व रीत पुर्वक दर्ता भएको हुनुपर्दछ ।

| | |
|---|---|
| भौगोलिक र वातावरणीय उपयुक्तताः | (१० अंक) |
| व्यवसाय विस्तारको प्रस्तावः | (१० अंक) |
| आवेदकले पेश गरेको जग्गाको किसिम र क्षेत्रफलः | (५ अंक) |
| प्राविधिक ज्ञान अनुभव र दक्षताः | (५ अंक) |
| व्यवसायिक योजनाः | (१० अंक) |
| उत्पादन योजनाः | (२ अंक) |
| बजार योजनाः | (२ अंक) |
| संगठन तथा व्यवस्थापनः | (२ अंक) |
| वित्तिय योजना वापतः | (२ अंक) |
| दिगोपना वापतः | (२ अंक) |
| नविनतम सोचः | (१० अंक) |
| जम्माः | (५० अंक) |

तुलसी राम रेग्मी
नगर प्रमुख

## अनुसूची– ७

## सम्झौतापत्र

पुतलीबजार नगरपालिका (यस पछि प्रथम पक्ष) भनिने र ........................................................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच **एक वडा एक नर्सरी कार्यक्रम** अन्तर्गत नर्सरी स्थापना, संचालन तथा व्यवस्थापनका लागि सहयोग कार्यक्रम सम्बन्धमा तल उल्लेखित शर्तहरुको अधिनमा रही यो सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

१. यो सम्झौता पत्र एक वडा एक नर्सरी स्थापना तथा संचालन कार्यको लागि प्रयोग हुने छ।

२. यो सम्झौता दुवैपक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ हुनेछ ।

३. कार्य संचालन पुर्व दोस्रो पक्षको माग बमोजिमका दोस्रो पक्षले व्यहोर्ने न्युनतम रकमबाट हुन आउने कुल रकम बराबरको लागत इस्टिमेट तयार गरिनेछ ।

४. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको १५ (पन्ध्र) दिन भित्र शुरु गुर्नपर्नेछ ।

५. दोस्रो पक्षले नर्सरी रहेको स्थानमा अनुदान सम्बन्धी विवरण झल्कने बोर्ड राख्नु पर्ने छ ।

६. प्रथम पक्षले कुनै पनि समयमा नर्सरीको अनुगमन तथा निरिक्षण गर्न सक्नेछ ।

७. नर्सरीबाट उत्पादन भएका विरुवा विक्री गर्दा कृषि विकास शाखामार्फत कायम गरिएको मूल्यमा विक्री वितरण गर्नुपर्ने छ । तोकेको मूल्यसूचि सर्वसाधारणले प्रष्ट रुपमा देखिने गरी नर्सरीमा राख्नुपर्ने छ र सोहि मूल्यमा यस नगरपालिका भित्रका तोकिएका वडाबाट खरिद गर्न आउने विक्रि वितरण गरि वितरण भएको विवरण अनिवार्य रुपमा शाखामा उपलब्ध गराउनु पर्ने छ ।

८. दोस्रो पक्षले कार्यक्रमको प्रगति विवरण मासिक रुपमा सम्बन्धित वडा कार्यालय तथा नगरपालिका कार्यालयमा पेश गर्नुपर्ने छ ।

९. प्रथम पक्षले दोस्रो पक्षले संचालन गर्ने क्रियाकलापहरुबारे जुनसुकै बखत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ र सो सयममा दोस्रो पक्षले अनुगमनको लागि आवश्यक सहयोग गर्नुपर्नेछ। यस सम्झौतामा रहेका शर्तहरु यसै बमोजिम हुने तथा थप घट गर्नु परेमा दुवै पक्षको आपसी सहमतिमा थप घट हुने छ ।

१०. यस सम्झौतामा रहेका कुराहरु यसै बमोजिम र सम्झौतामा नपरेका कुराहरु प्रचलित कानुन बमोजिम हुने छन् ।

प्रथम पक्षको तर्फबाट

नामः

पदः

मितिः

हस्ताक्षरः


रोहवर

नामः

पदः

मितिः

हस्ताक्षरः




दोस्रो पक्षको तर्फबाट

नामः

ठेगानाः

मितिः

हस्ताक्षरः

अनुसूची– ८

नर्सरी स्थापना तथा संचालन कार्यक्रम संचालन प्रकृया सम्बन्धी व्यवस्था

१. नर्सरी, स्थापना तथा संचालन कार्यक्रम संचालन प्रकृया देहाय वमोजिम गरिने छ ।

क. कार्यक्रम सञ्चालनका आधारभूत पक्षहरु:

१. बहुउद्देश्यीय नर्सरी स्थापनाका लागि मौसमी र बेमौसमी तरकारी बिरुवा समावेश गर्न सकिनेछ र स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रममा दर्ता भएको नर्सरीलाई मात्र कार्यक्रममा समावेश गनृ सकिनेछ ।

२. आवश्यकता अनुसारको बिरुवा उत्पादन गर्न सकिने तथा अन्य सुविधाहरु समायोजन गर्न सकिने क्षेत्रफल हुनुपर्नेछ । जाली घरमा भए बिरुवा उत्पादनको लागि कम्मतीमा २ रोपनी र खुला जग्गामा भए कम्तीमा ५ रोपनीमा नर्सरी हुनुपर्नेछ ।

३. आफ्नै स्वामित्वको जग्गा नभई करारमा लिई नर्सर स्थापना गर्न चाहेमा वा गरेको भएमा कम्तिमा पनि १० वर्षको लागि करार सम्झौता गरेको हुनुपर्नेछ ।

४. नर्सरीमा बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

५. कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गर्न चाहने व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

६. वर्षैभरी पानीको उपलब्धता सुनिश्चित भएको स्थान हुनु पर्नेछ ।

७. बिजुली तथा संचार सुविधा भएको हुनुपर्नेछ ।

१०.नर्सरी भएको स्थानमा कुशल श्रमीकहरु सजिलै उपलब्ध हुन सकिने वा तालिम दिएर सिप सिकाउन सकिने जनशक्तिको उपलब्धता, यातायात र मुख्य सडक सग पहुँच भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ ।

११.वार्षिक विरुवा उत्पादन कार्ययोजना तयार गरि कार्यान्वयन गरेको हुनु पर्नेछ ।

ख. अनुदान प्रवाह:

१. यस कार्यविधि बमोजिम छनोट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने कृयाकलाप, उनीहरुले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भुक्तानी विधि उल्लेख गरी नगरपालिकासँग सम्झौता गर्नेछन् ।

तुलसी राम रेग्मी
नगर प्रमुख

**ङ. नयाँ नर्सरी स्थापना एवं हाल संचालनमा रहेका नर्सरीको क्षमता अभिवृद्धिका लागि आवश्यक योग्यता, गुणस्तर र शर्तहरु**

**१. नर्सरी धनीले पालना गर्नुपर्ने:**

१.१.नर्सरी धनीले मापदण्ड बमोजिको बालीहरुको जात मात्र प्रयोग गर्नुपर्नेछ।

१.२.यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने नर्सरी धनीले अनिवार्य रुपमा बिरुवा बिक्री वितरणको अनुमति पत्र लिई बिक्री वितरण गर्नुपर्नेछ ।

१.३.नर्सरीमा गरिने क्रियाकलापहरुको अभिलेख अनिवार्य रुपले राख्नुपर्नेछ ।

१.४.नयाँ स्थापित नर्सरी नगरपालिकामा अनिवार्य रुपले दर्ता गरिएको हुनुपर्नेछ ।

१.५.उत्पादित तथा बिक्रि वितरण भएका विरुवाको अभिलेख राखी वार्षिक रुपमा नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ।

**२. नर्सरी बिरुवा गुणस्तर मापदण्ड:**

विक्री गर्ने तरकारी विरुवाको गुणस्तर मापदण्ड:

२.२. बिरुवा रोग र कीरारहित स्वस्थ हुनुपर्नेछ ।

२.३. उन्नत जातका बिरुवालाई प्राथमिकता दिनुपर्नेछ ।

**च. नगरपालिकाको कार्यक्रम संचालन गर्नेको जिम्मेवारी:**

१. वडा तहमा नर्सरी स्थापना एंव व्यवस्थापनमा सम्बन्धी कार्यमा प्राविधिक सहयोग गर्ने ।
२. कार्यक्रम संचालनमा सहजिकरण गर्ने ।
३. लाभग्राही/अनुदानग्राही छनौट, सम्झौता एंवम अनुदान प्रवाह ।
४. नगरपालिका स्तरमा नर्सरी एवं उत्पादिन बीउ, विरुवा तथा बेर्नाको लगत तयार गर्ने तथा विक्री वितरणमा सहजीकरण गर्ने ।
५. स्थापना भएका नर्सरीको नियमित अनुगमन गर्ने ।

तुलसी राम रेग्मी
नगर प्रमुख